# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।२९ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

----------------------------------------------

प्रहरी किताबखाना लैनचौर, काठमाडौंमा कार्यरत कम्प्युटर अपरेटर सुरज के.सी.ले निवृत्तिभरणको अधिकार पत्र बनाउने प्रयोजनको लागि सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, टङ्गालबाट खटिई गएको टोलीले निज कम्प्युटर अपेटर (नायव सुब्बा) सुरज के.सी.लाई सेवाग्राहीसँग रू.१०,०००।- (दश हजार) घुसबापतको रकम लिदै गर्दाको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज कम्प्युटर अपरेटर सुरज के.सी.ले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएको हुँदा निजलाई बिगो रू.१०,०००।- (दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता